नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी

# बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा

# BEST STATE POLICE OF THE MONTH

## २०७७ भदौ



**दर्जा, नाम थर- प्रहरी निरीक्षक सुनजित तामाङ**

**दरबन्दी :- म.न.प्र.पहरा गण मुख्यालय सामाखुसी काठमाण्डौं ।**

**कार्यरत:- ईलाका प्रहरी कार्यालय, सिंगटी दोलखा ।**

**उत्कृष्ट कार्यको बिबरण**

महानगरीय प्रहरी पहरा गण मुख्यालय, सामाखुसी काठमाण्डौं दरबन्दी भई ईलाका प्रहरी कार्यालय, सिंगटी दोलखामा कार्यरत प्रहरी निरीक्षक सुनजित तामाङले आफ्नो जिम्मेवारी ईमान्दार, कर्तव्यनिष्ठ एवं प्रशंसनीय ढंगवाट निर्वाह गर्दै मिति २०७७।०५।१६ गते जि.दोलखा बिगु गा.पा.-४ सेतोपहरा भन्ने स्थानमा भरुवा बन्दुक लिई सिकार गर्न गएका ३ जना मानिसहरु मध्ये ऐ.ऐ.नाङपोल बस्ने बर्ष ४८ को हिरा बहादुर तामाङलाई बन्दुकको गोली (छर्रा) लागि मृत्यु भएको घटनामा संलग्न फरार रहेका ऐ.ऐ. बस्ने बर्ष ४५ को मान बहादुर श्रेष्ठ र बर्ष ३२ को ध्रुव श्रेष्ठलाई नियन्त्रणमा लिन सफल भएको । मिति २०७७।०५।१५ गते जि.दोलखा बिगु गा.पा.-४ वलीटार स्थित तामाकोशी नदी किनारमा अवैध रुपमा बालुवा उत्खनन् गरिरहेको अवस्थामा चालक सहितका ४ वटा ट्रयाक्टरहरु नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि गौरिशंकर संरक्षण क्षेत्र सिंगटी दोलखामा पठाएको । मिति २०७७।०५।०१ गते देखि बिभिन्न मितिमा वहुविवाह मुद्दामा १ बर्ष कैद सजाँय र रु.१०,०००।-जरिवाना तोकिएका जि.दोलखा गौरिशंकर गा.पा.-८ स्थायी वतन भई हाल ऐ. बिगु गा.पा.-४ सिंगटीमा बसोबास गर्दै आएका बर्ष अं.३२ को दिलकृष्ण श्रेष्ठ लगायत अन्य मुद्दाका ९ जना फरार प्रतिवादीहरुलाई पक्राउ गर्न सफल भएको । साथै कोरोना भाईरस ( COVID-19 ) को माहामारी बिरुद्द जनचेतनामुलक कार्यक्रमहरु संचालन लगायत संक्रमित व्यक्तिहरुको उचित व्यवस्थापन गर्नुका साथै वर्षातको कारण बाढी पहिरोको उच्च जोखिममा रहेका बस्तिलाई सम्बन्धित निकायसँग समन्वय गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेकोले निज प्र.नि.सुनजित तामाङबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै यसको निरन्तरताका साथै अन्य प्रहरी कर्मचारीहरु समेतलाई प्रोत्साहित गर्न निजलाई यस कार्यालयबाट २०७७ साल **"भदौ"** महिनाको **"महिनाको सर्वोत्कृष्ट प्रदेश प्रहरी (BEST STATE POLICE OF THE MONTH )** घोषणा गरिएको छ ।

**प्रहरी नायव महानिरीक्षक**

**( बसन्त कुमार लामा )**

**बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा**

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी

# बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा

## BEST STATE POLICE OF THE MONTH

**२०७७ साउन**



**नाम, थर- प्रहरी हवल्दार राम प्रसाद थपलिया**

**दरबन्दी :- बागमती प्रदेश ट्राफिक प्रहरी कार्यालय, रामनगर चितवन**

**कार्यरत:- अस्थायी ट्राफिक प्रहरी पोष्ट, खुर्कोट सिन्धुली**

### उत्कृष्ट कार्यको बिबरण

बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक बसन्त कुमार लामाबाट अवलम्बन गरिएको आर्थिक अनियमितता बिरुद्ध शुन्य सहनशिलताको अभियानलाई सफल कार्यान्वयन गर्दै बागमती प्रदेश ट्राफिक प्रहरी कार्यालय, रामनगर चितवन दरबन्दी भई अ.ट्रा.प्र.पो.खुर्कोट,सिन्धुलीमा कार्यरत प्रहरी हवल्दार राम प्रसाद थपलियाले बिभिन्न मितिमा डिउटीमा खटिएको अवस्थामा सवारी नियम विपरित सवारी चलाउने, COVID-19 नियन्त्रण एवं व्यवस्थापन गर्ने अभिप्रायले लागू गरेको सवारी पास बिना सवारी चलाउने चालक तथा सह-चालकहरुलाई नियमानुसार कारवाही गर्ने क्रममा प्रहरीलाई आर्थिक प्रलोभन दिन खोज्ने ११ जना चालक तथा सह-चालकहरुलाई तत्कालै नियन्त्रणमा लिई कानूनी दायरामा ल्याउन सफल भएको साथै जिल्ला प्रहरी कार्यालय, सिन्धुली अन्तर्गतका बिभिन्न प्रहरी इकाईहरुमा कार्यरत प्रहरी कर्मचारीहरु आर्थिक प्रलोभनमा परी आचरण बिपरित गरेका कार्यहरुलाई समेत कारवाहीको दायरामा ल्याउन प्रभावकारी भुमिका निर्वाह गर्दै आफ्नो कर्तव्य पालनामा ईमान्दारिता प्रदर्शन गरेकोले निज प्र.ह.राम प्रसाद थपलियाबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै यसको निरन्तरताका साथै अन्य प्रहरी कर्मचारीहरु समेतलाई प्रोत्साहित गर्न निजलाई यस कार्यालयबाट २०७७ साल **"साउन"** महिनाको "**महिनाको सर्वोत्कृष्ट प्रदेश प्रहरी (BEST STATE POLICE OF THE MONTH )** घोषणा गरिएको छ।

**प्रहरी नायव महानिरीक्षक**

**( बसन्त कुमार लामा )**

**बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा**

बागमती प्रदेश प्रहरी कार्यालय मातहत कार्यालयहरुले अ-आफ्नो कार्यालयमा कार्यरत प्रहरी कर्मचारीहरु मध्ये बाट **साउन महिनाको उत्कृष्ट प्रहरी (BEST POLICE OF THE MONTH)** घोषणा भएका प्रहरी कर्मचारीहरुको विवरण निम्न अनुसार रहेको छ ।

| सि.नं. | दर्जा | नाम/थर | कार्यरत | उत्कृष्ट घोषणा गर्ने कार्यालयको नाम |
|---|---|---|---|---|
| १ | प्र.ज. | यम बहादुर चुनारा | बा.प्र.प्र.ता.के.दुधौली | बा.प्र.प्र.ता.के.दुधौली, सिन्धुली |
| २ | प्र.ह. | काशीराम थापामगर | जि.ट्रा.प्र.का, मकवानपुर | बा.प्र.ट्रा.प्र.का. रामनगर, चितवन |
| ३ | प्र.ज. | संदिप बास्तोला | बा.प्र.दं.नि.प्र.गण, हेटौडा | बा.प्र.दं.नि.प्र.गण, हेटौडा |
| ४ | प्र.ज. | महेश लामा | बा.प्र.स.प्र.गण, रातोमाटे | बा.प्र.स.प्र.गण, रातोमाटे |
| ५ | प्र.नि. | सुजन पाठक | जि.प्र.का, मकवानपुर | जिल्ला प्रहरी कार्यालय, मवानपुर |
| ६ | प्र.नि. | रबिन बाबु रेग्मी | व.प्र.का.नरायणगढ,चितवन | जिल्ला प्रहरी कार्यालय, चितवन |
| ७ | प्र.ह. | झलक बहादुर घले | प्र.चौ.लापा,धादिङ | जिल्ला प्रहरी कार्यालय, धादिङ |
| ८ | प्र.ज. | आकाश रेग्मी | जि.प्र.का.नुवाकोट | जिल्ला प्रहरी कार्यालय, नुवाकोट |
| ९ | प्र.ह. | मन बहादुर सुर्यवंशी | जि.प्र.का.रसुवा | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| १० | प्र.ह. | मिन बहादुर कुमाल | ई.प्र.का.नवलपुर | जिल्ला प्रहरी कार्यालय, सि.पा. |
| ११ | प्र.ना.उ. | कुमार बिक्रम थापा | जि.प्र.का.काभ्रे | जिल्ला प्रहरी कार्यालय, काभ्रे |
| १२ | प्र.स.नि. | ज्ञानेन्द्रलाल श्रेष्ठ | प्र.चौ.शिरेषेढाडे सैपु, रामेछाप | जिल्ला प्रहरी कार्यालय,रामेछाप |
| १३ | प्र.स.नि. | दिपक थापा | प्र.चौ.छौडे, दोलखा | जिल्ला प्रहरी कार्यालय, दोलखा |